# ईश्वरपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ईश्वरपुर, सर्लाही
## २ नं. प्रदेश, नेपाल

## सिलवन्दी दरभाऊ पत्र आव्हान सम्बन्धी सूचना

यस कार्यालयबाट आ.ब. २०७४/०७५ मा निम्न कार्यहरु सिलवन्दी दरभाऊ पत्रवाट गराउनु पर्ने भएकोले नेपाल सरकारवाट इजाजत प्राप्त इच्छुक फर्म वा व्यवसायीहरुवाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलवन्दी दरभाऊ पत्र पेश गर्न हुन यो सुचना आव्हान गरिएको छ ।

**तपसिल**

१. सूचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र कार्यालय समयमा सम्वन्धित कारोवार गर्न इजाजत प्राप्त प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, मूल्य अभिबृद्धि कर दर्ताको प्रमाणित प्रतिलिपी र आ.ब. २०७४/०७५ को करचुक्ता प्रमाण पत्र संलग्न राखी यस कार्यालय, वाट फिर्ता नहुने गरी नगदै रू. १,०००।०० (एक हजार) मात्र बुझाई कामको सिलवन्दी दरभाऊ पत्र खरीद गर्न सकिनेछ ।

२. फर्मले सिलवन्दी दररेट पेश गर्दा खाम वाहिर आफ्नो फर्मको नामथर, वतन र कामको विवरण स्पष्ट उल्लेख गरी सिलवन्दी गरी यस कार्यालयमा सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजे भित्र दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका सिलवन्दी दररेट पत्रहरु सोही दिनको २ बजे यस कार्यालयमा सरकारी प्रतिनिधी, फर्मको प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । उक्त समयमा फर्मको वा निजहरुको प्रतिनिधी उपस्थित नभएमा पनि सिलवन्दी दररेट खोल्न बाधा पर्ने छैन । कारणवश सिलवन्दी दररेट पत्र दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

३. धरौटी वापतको रकम ईश्वरपुर नगरपालिका कार्यालय, ईश्वरपुरको धरौटी खाता नं. १०९०३००००००००३००००० १ नेपाल बैंक लिमिटेड, बयलवास शाखा, ईश्वरपुर सर्लाहीमा नगदै वा मान्यता प्राप्त वाणिज्य बैंकको कम्तीमा ७५ दिनको बैंक जमानत सिलवन्दी दरभाऊ पत्र साथ पेश गर्नु पर्नेछ ।

४. सिलवन्दी दरभाऊपत्रमा दररेट उल्लेख गर्दा मुल्य अभिबृद्धि कर बाहेकको दर उल्लेख गर्नु पर्नेछ । दररेट उल्लेख गर्दा अनिवार्यरुपमा अंक र अक्षरमा प्रष्ट उल्लेख हुनु पर्नेछ । अंक स्पष्ट नभएमा अक्षरमा खुलाइएको दररेटलाई मान्यता दिइनेछ ।

५. एक पटक पेश भएको सिलवन्दी दरभाऊ पत्र फिर्ता वा संशोधन गर्न सकिने छैन ।

६. सिलवन्दी दरभाऊ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहनेछ ।

७. आफुले खरिद गरेको सिलवन्दी दरभाऊ पत्र सम्वन्धित फर्मले नै बुझाउनु पर्नेछ । रित नपुगेको वा म्याद नाघी प्राप्त सिलवन्दी दरभाऊ पत्रलाई मान्यता दिइने छैन ।

८. माथी उल्लेखित भएकोमा सोही अनुसार र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।

दोस्रो पटक प्रकाशित मिति २०७५।०१।३१ गते

| दरभाऊ पत्र नम्वर | कामको विवरण | लागत अनुमान ( मुअकर वाहेक ) | धरौटी रकम रू. |
|---|---|---|---|
| १३।२०७४/०७५ | पक्की नाला निर्माण, चौलिखा ईश्वरपुर-१ | ९,१७,४४७।०१ | २६,०००।०० |
| १४।२०७४/०७५ | पक्की नाला निर्माण, राइटरखोर-घाटटोल, ईश्वरपुर-२ | १२,४६,७१९।०९ | ३५,५००।०० |
| १६।२०७४/०७५ | कलभर्ट निर्माण, मुन्सिटोल, ईश्वरपुर-२ | १३,२४,२६४।७६ | ३७,५००।०० |

प्रथम पटक प्रकाशित मिति २०७५।१।३१ गते

| दरभाऊ पत्र नम्वर | कामको विवरण | लागत अनुमान ( मुअकर वाहेक ) | धरौटी रकम रू. |
|---|---|---|---|
| २४।२०७४/०७५ | कजवे निर्माण, सागरनाथ ईश्वरपुर-४ | २,६२,९१४।५४ | ७,५००।०० |
| २५।२०७४/०७५ | कलभर्ट निर्माण, आधमारा कटहर रूख देखि खोकना जाने बाटो, ईश्वरपुर-४ | १०,९१,६२९।७० | ३१,०००।०० |
| २६।२०७४/०७५ | नदी नियन्त्रण कार्य अमुवाखोला, ईश्वरपुर-४, १४ | १७,६९,११८।१३ | ५०,०००।०० |
| २७।२०७४/०७५ | पशु सेवा केन्द्रको कार्यालय भवन निर्माण तथा मर्मत कार्य, ईश्वरपुर-६ | ९,०५,७३५।४८ | २६,०००।०० |
| २८।२०७४/०७५ | नारायण बहुमखी क्याम्पसको अधुरो भवन निर्माण कार्य, ईश्वरपुर-६ | १३,३३,१५९।७३ | ३८,०००।०० |
| २९।२०७४/०७५ | बेला मा.वि. रामनगर मनहर्वाको बाउण्ड्री वाल निर्माण कार्य, ईश्वरपुर-९ | ५,३९,१०६।८९ | १५,५००।०० |

प्रमुख प्रशासकीय अधिकृत